# सुदूरपश्चिममा जे देखियो

दीपेन्द्रपुरुष ढकाल

नेपाल हृदयरोग निवारण प्रतिष्ठान (Edwards Lifesciences Foundation) सँगको सहकार्यको कार्यक्रम अन्तर्गत) र रोटरी क्लब अफ पाटनको सहकार्यमा २०८१ जेठ १९ देखि २७ गते (अर्थात २०२४ जुन ०१ देखी ०९) सम्म नौ दिने मुटुपरीक्षण शिविर सुदूर पश्चिम प्रदेशमा सम्पन्न गरियो। यो भ्रमणको प्रमुख उद्‌देश्य सुदूरपश्चिम प्रदेशका अछाम, बाजुरा र बझाङ जिल्लाहरुमा मुटुपरीक्षण शिविर सन्चालन गर्ने र कर्णालीसहित दुबै प्रदेश र ती अन्तर्गतका जिल्लाहरुमा प्रतिष्ठानका संगठन विस्तार एवम् सहकार्यका बारेमा पहल एवम समन्वय गर्ने रहेको थियो ।

२७ वर्षकी यौवना देखि ७२ वर्षका उमेर पाकेका वयश्कहरु समेत समावेश रहेको यो टोलीमा मुटुरोग सम्बन्धी सातजना विशेषज्ञ डाक्टरहरू, आठजना स्वास्थ्य प्राविधिकहरु र सातजना स्वयंसेवकहरु सम्मिलित थिए, जसमध्ये ६ जना स्वयंसेवक रोटरी क्लब तर्फबाट संलग्न हुनुहुन्थ्यो। टोलीमा पाँचजना महिला सदस्यहरूको सहभागिता थियो। शिविरले धेरै चाखलाग्दा कुराहरु उजागर गरेकोछ।

## १. भ्रमण टोलीका उद्‌देश्यानुरुपका कार्यहरु

### १.१ मुटुपरीक्षण शिविर

दूरदराजमा बस्ने विद्‌यार्थीहरूमा मुटुरोग छ छैन भन्ने जानकारी नै हुँदैन र त्यस्तो ठाउँमा गएर परीक्षण गर्दा यदि रोग देखियो भने परिवारलाई अकस्मात झनै गाह्रो परिस्थिती आइपर्ने कुरा त स्पष्ट नै छ। तसर्थ, प्रतिष्ठानको यो अभियान अन्तर्गत मुटु जाँचगर्ने मात्र होइन यदि फेला परे औषधिले हुनेभए सोही ठाउँमा दिएर आउने र शल्यक्रिया गर्नुपर्ने भए काठमाडौं ल्याएर त्यस्तो कार्य निःशुल्क रुपमा सम्पन्न गरेर फर्काइदिने पवित्र उद्‌देश्यका साथ २० सदस्यीय टोलीले सुदूरपश्चिमका तीन जिल्लामा काम सक्याई फर्किएकोछ । यो टोलीका साथ केही औषधी व्यवसायीहरू पनि जानुभएको र उहाँहरुकै सौजन्यतामा निःशुल्क रुपमा औषधिहरु वितरण गरिएको थियो ।

सदरमुकाम र केही विकसित ठाउँहरूमा जाँच गरिएकोमा समेत कहालीलाग्दो अवस्था देखियो भने अझ गाउँगाउँमा कस्तो हालत होला भन्ने विषयले गम्भीर तथ्य औल्याउन खोजेकोछ।

यसपटक गएका तीन जिल्लाहरूमध्ये अछाम जिल्लाको सदरमुकाम, मङ्गलसेन र साँफेबगरसमेत गरी ११ वटा स्कुलका ३,७२४ विद्‌यार्थीहरूको जाँचगर्दा ४८ जना (प्रत्येक हजारमा १३ जना) मा मुटुसम्बन्धी रोग रहेको फेला पर्यो, तीमध्ये ८ जना (१७%) लाई शल्यक्रिया नै गर्नुपर्ने रहेछ। त्यहां फेलापरेका मुटुरोगीहरुमध्ये २१ जनामा बाथ मुटुरोग (Rheumatic Heart Disease - RHD) र २७ जनामा जन्मजात मुटुरोग (Congenital Heart Disease - CHD) भेटिएको थियो।

मुटुरोगका हिसाबले दोस्रोमा पर्ने बझाङ जिल्लाको सदरमुकाम, चैनपुरका १४ वटा स्कुलका ४,८९७ जना विद्यार्थीको जाँचगर्दा ४० जना (हजारमा ८ जना) मा मुटुरोग भेटियो । तीमध्ये ८ जना (२०%) लाई शल्यक्रिया गर्नुपर्ने रहेछ। ती ४० जनामध्ये १२ जनामा RHD, २५ जनामा CHD र अन्य ३ जना थिए।

तेस्रोमा पर्ने बाजुरा जिल्लाको सदरमुकाम, मार्तडी जहाँ ८ वटा स्कुलका ४,५५७ जना विद्यार्थीको जाँचगर्दा ३३ जना (हजारमा ७ जना) मा मुटुरोग फेला पर्यो, तीमध्ये ४ जना (१२%) को शल्यक्रिया गर्नुपर्ने रहेछ। त्यहां पहिचान गरिएका मुटुरोगीमध्ये १४ जनामा RHD र १९ जनामा CHD थियो।

समष्टिमा भन्ने हो भने यी तीन जिल्लामा प्रती हजारमा ९ जनामा मुटुरोग र तीमध्ये झण्डै ४ जनामा RHD रहेको देखापर्छ । पहिचान भएका मुटुरोगीमध्ये १६.५% को शल्यक्रिया नै गर्नुपर्ने रहेछ। ६,११४ महिला र ७,०६४ पुरुष गरी जम्माजम्मी १३,१७८ जनाको परीक्षणगर्दा शँकालागि १,०५२ जना (३०० महिला र ७५२ पुरुष) को इकोगरी पहिल्याईएका १२१ जना (७१ महिला र ५० पुरुष) मा मुटुरोग भेटिएको थियो। यसरी भेटिएका बालबालिकामध्ये २१ जना छात्रा र २६ जना छात्रमा बाथ मुटुरोग रहेछ। यी तथ्याङ्क केवल प्रतिनिधिमूलकमात्र हुन् वास्तविकता के हो भन्ने कुरो त विशेष अध्ययनले पत्ता लगाउनुपर्ने हुन्छ।


अछाम


मार्तडी

माथिका तीनवटै जिल्लाका स्कुलका प्रधानाध्यापक लगायत विद्यार्थीहरूले निकै चाखकासाथ स्वागत गर्नुका साथै व्यवस्थापन गर्ने जिम्मा कुशलतापूर्वक निर्वाह गर्नुभयो। तीनवटै जिल्लामा अवस्थित प्रतिष्ठानका संरचनाहरु, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, जुम्ला देखी आइ मङ्गलसेनमा सेवादिने विद्यार्थीहरु र मार्तडीको स्कुलमा स्काउटहरुले समेत राम्रो स्वयंसेवी भूमिका खेलेका थिए।

टोलीले मङ्गलसेनको जिल्लाअस्पतालमा स्वास्थ्यशिविर पनि चलाएको थियो। स्कुले विद्यार्थीमात्र नभई टोलीले तीनवटै जिल्लाका करिब ७५० वयस्कहरूको समेत मुटुपरीक्षण गरेको थियो।

भ्रमण टोलीले साँफेबगरको बयलपाटा अस्पतालमा केही समय बिताएको थियो। त्यस्तो दुर्गम स्थलमा समेत सबै स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराउँदै आएको यो अस्पतालको कार्य ज्यादै सराहनीय छ। अस्पताल सञ्चालनका लागि अमेरिकास्थित गैर सरकारी संस्थाहरूले निरन्तर रूपमा सहयोग जुटाउँदै आएका रहेछन्। यो अस्पतालमा उपलब्ध नभएको अवस्थामा मात्र रगतको लागि र एम्बुलेन्स सेवाका लागि शुल्क तिर्नुपर्ने रहेछ। सबै प्रकारको स्वास्थ्य सेवा त्यहाँ उपलब्ध हुँदो रहेनछ र अलिकति पनि उपल्लो तहको सेवाको लागि अन्यत्र रिफर गर्नुपर्ने अवस्था देखियो। सो अस्पतालका कार्यरत डाक्टर तथा अन्य स्वास्थ्यकर्मीहरूलाई भ्रमण टोलीमा गएका विशेषज्ञ चिकित्सकहरुसंग छोटो अन्तरक्रियाको कार्यक्रम समेत राखिएको थियो।

सर्वसाधारणलाई मुटुरोगबारे चेतना जगाउने हिसाबले मार्तडीमा त्यहाँका मेयर, अमर खड्का र उपमेयर, नन्दा थापाको उपस्थितिमा एउटा खँदिलो अन्तरक्रिया समेत गरिएको थियो।

## १.२ संगठन विस्तार एवम् सहकार्य

यो भ्रमणटोलीको दोस्रो उद्‌देश्य प्रतिष्ठानको संगठन विस्तार र सहकार्यको सम्भावनाहरू पहिल्याउने रहेको थियो। यस दिशामा पनि उत्साहप्रद प्रगतिहरू भएका छन्।

जिल्लाका प्रतिष्ठित र पहुँचभएका व्यक्तित्वहरूसँग सम्पर्क बढाउने, स्थानीय सरकारसँग सहकार्यको ढोका खोल्ने, स्थानीय सरकारका वार्षिक कार्यक्रमहरूमा मुटुरोगलाई स्थान दिने, प्रतिष्ठानको शाखा र सदस्यता विस्तार गर्नमा सघाउने, स्थानीय निकायहरूले पनि प्रतिष्ठानको सदस्यता लिने, त्यहाँका गैर सरकारी निकायहरूसँग सहकार्य र सञ्जाल स्थापित गर्ने, मुटुरोग सम्बन्धी विषयहरूबारे जनचेतना अभिवृद्‌धि गर्ने विभिन्न खाले कार्यक्रमहरू गर्ने गराउने र सहयोग पनि जुटाउने, आदि विषयमा संवाद भएका थिए।

अछाम जिल्लाको मङ्गलसेनमा त्यहाँको प्रतिष्ठानको तदर्थ समितिका तर्फबाट पदमराज अधिकारीको सक्रियतामा जिल्ला समन्वय समितिका प्रमुख, ललित बहादुर कुँवर; प्रमुख जिल्ला अधिकारी, शिव लम्साल र प्रहरी प्रमुख, सन्तोष पोखरेलको सहभागितामा फलदायी वार्ता भयो। साफेबगरमा भएका कार्यक्रमहरू टक्करबहादुर शाहले जिम्मेवारीका साथ समन्वय गर्नुभएको थियो।

अछाम जिल्ला कै अर्को नगरपालिका कमल बजारका मेयर, यज्ञ ढकालको आतिथ्यमा समेत त्यहाँका गण्यमान्य व्यक्तिहरूको सामिप्यमा फलदायी छलफल भएको थियो। उक्त नगरपालिकाले प्रतिष्ठानको अछाम शाखाको सदस्यता लिने उत्सुकता देखाएकोछ।

प्रतिष्ठानका केन्द्रीय सल्लाहकार, दिलबहादुर बुढाको सक्रियता र बाजुरा शाखाका सभापति, रामचन्द्र यादवको कार्यसमितिको समन्वयमा मार्तडीमा जिल्ला समन्वय समितिका प्रमुख, तुलसी रोकाया;

प्रमुख जिल्ला अधिकारी, भीमकान्त पौडेल र त्यहाँका प्रहरी प्रमुखसमेतको उपस्थितिमा फलदायी वार्ता भएको थियो



कमल बजार



बझाङ

त्यसैगरी, बझाङमा रहेको प्रतिष्ठानको तदर्थ समितिका संयोजक, लक्ष्मणप्रसाद उपाध्यायको सक्रियतामा चैनपुरमा जिल्ला समन्वय समिति प्रमुख, नरबहादुर बोहरा; प्रमुख जिल्ला अधिकारी, विश्वामित्र कुइकेल; नेपाली सेनाका मेजर, धीरज राउत समेतको सहभागितामा सौहार्दपूर्ण छलफल भएको थियो।

अछाम र बझाङका दुवै तदर्थ समितिहरूले यथाशक्य चाँडो कम्तिमा ५१ जना पुऱ्याई शाखामा पदोन्नति हुने संकल्प जनाएका छन्। यी दुवै तदर्थ समितिहरूका तर्फबाट पछि धनगढीमा भएको प्रदेशसभामा प्रतिनिधित्व गरी यो संकल्पलाई पुनः दोहोऱ्याउने काम भएको थियो।

## १.३ अभिमुखीकरण तालीम तथा प्रदेश सभा

भ्रमणको पहिलो दिन जेष्ठ १९ गते नै कर्णाली प्रदेश संयोजक, देवप्रसाद गौतमको पहलमा उक्त प्रदेश अन्तर्गतका जिल्लाका प्रतिनिधिहरूका निमित्त एउटा अभिमुखीकरण तालिमको व्यवस्था गरिएको थियो, जसमा संगठन सुदृढीकरण तथा आर्थिक प्रशासनका विषयमा दीपेन्द्रपुरुष ढकालले र प्रतिष्ठानका राष्ट्रिय कार्यक्रमहरू कार्यान्वयन गर्ने रणनीतिबारे डाक्टर प्रकाशराज रेग्मीले कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो। सहभागीहरुले यो अभिमुखिकरण तालिम निक्कै उपयोगी रहेको मत व्यक्त गरेका थिए।

सो तालिमको लगत्तै पछि प्रदेश संयोजकको अध्यक्षतामा कर्णाली प्रदेशसभाको बैठक बसेको थियो। यी दुवै कार्यक्रममा प्रदेशसमिति लगायत सातवटा जिल्लाहरु, सुर्खेत, मुगु, जुम्ला, हुम्ला, जाजरकोट, कालिकोट, दैलेखबाट गरी १८ जनाको उपस्थिति थियो। विभिन्न कारणले रुकुम पश्चिम, सल्यान र डोल्पाका प्रतिनिधिहरू भने उपस्थित हुनुहुन्थेन । प्रदेशसभाले अन्य विषयका अतिरिक्त तदर्थ समिति भएका जिल्लाहरूलाई शाखामा पदोन्नति गर्ने कार्यमा गम्भीरताका साथ पहल गर्ने र नयाँ प्रदेश कार्यसमितिसमेत चयन गरेकोछ।



तालिम र प्रदेशसभा, सुर्खेत




तालिम र प्रदेशसभा, धनगढी

त्यसैगरी, जेष्ठ २७ गतेका दिन धनगढीमा सुदूरपश्चिम प्रदेशसमिति र प्रदेश अन्तर्गतका सातवटा जिल्लाहरु, बाजुरा, कैलाली, डडेलधुरा, बैतडी, बझाङ, अछाम, कञ्चनपुरको सहभागितामा १५ जनाको उपस्थितिमा अभिमुखीकरण तालिम सम्पन्न भयो । सो तालिममा स्रोत व्यक्तिका रूपमा दीपेन्द्रपुरुष ढकालले संगठनका विषयमा र डाक्टर सत्यनारायण सुवालले राष्ट्रिय कार्यक्रमका विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । सोको लगत्तै पछि संयोजकको अध्यक्षतामा बसेको सुदूरपश्चिम प्रदेशसभाको बैठकले नयाँ कार्यसमिति चयन गर्नुका साथै तदर्थ समितिहरूलाई शाखामा पदोन्नति गर्ने विषयमा गम्भीरताका साथ पहल गर्ने विशेष निर्णयहरू गरेकोछ । कञ्चनपुरले पनि वर्षायाम पछाडि तदर्थ समितिलाई शाखामा पदोन्नति गर्ने सङ्कल्प व्यक्त गरेकोछ । डोटी र दार्चुला जिल्ला ती बैठकहरूमा उपस्थित हुन सकेनन् । यी बैठकहरूमा रोटरी क्लब पाटनका अध्यक्ष, महेन्द्र सिंह रावल समेत अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो ।

धनगढी आइपुगेकै दिन त्यहाँको रोटरी क्लबको नियमित बैठक बस्ने सूचना पाएर रोटरी क्लब पाटनका अध्यक्ष, रावल र प्रतिष्ठानका दीपेन्द्रपुरुषले पनि सहभागिता जनाई सहकार्यका विषयमा छलफल गर्ने अवसर मिलेको थियो ।

## २. भ्रमणटोलीका केही अन्य अनुभवहरू

### २.१ खप्तडभ्रमणका सुखानुभूति



खप्तड



शिवमन्दिर, खप्तड

टोलीका सबैजना सदस्यहरूले खप्तड राष्ट्रिय निकुञ्जको समेत भ्रमण गरेका थिए। खप्तड जानका लागि मार्तडीबाट, अघिल्लो दिन नै सहयात्री महिलाटोलीले बन्दोबस्त गरिदिनु भएको खाजाको पोको बोकी, बिहान सबेरै हिँडेको भएपनि गाडीचालकहरूको बुझाइमा कमीले गर्दा 'लसके' भन्ने स्थान भूलवश पुगियो र त्यहाँबाट 'काँडा' गाउँको 'सिंगडा' भन्ने स्थानमा जाँदा करिब एक घण्टाको समय खेर गयो। ढिलोगरी सिंगडाबाट चढाई सुरु गरेको हाम्रो टोली करिब ७ घण्टाको चढाईपछि खप्तडको चोटीमा त पुग्यो तर लगत्तै ठूलो हुरीबतास र पानीले गर्दा करिब आधा घण्टाको दुरीमा रहेको बासस्थानसम्म पुग्न अँध्यारोमा निकै कठिन भयो, तथापी लडदै पडदै पुगियो। यो आफैंमा सबैका लागि अपूर्व अविस्मरणीय अनुभव रहन गयो। खप्तडको बसाई पाँच-पाँच जनाले सेयर गरेको चारवटा कोठामा आफूलाई अटाउनु परेको थियो, खानपिन त त्यस्तै हो पेट भरिएको मात्र हो। बाजुरातर्फबाट खप्तड चढाई निकै असजिलो र ठाडो भएकोले कसैलाई पनि सुझाउनु उपयुक्त हुन्न।

भोलि बिहान सुर्योदयदेखि नै दिन राम्रो भएकोले खप्तडबाबाको कुटी, बाबाको स्नानकुण्ड, त्रिवेणीधाम, शिवमन्दिर, केदारढुङ्गा लगायत प्राकृतिक सौन्दर्यको भरपुर आनन्द मिल्यो। वास्तवमा खप्तडको ल्यान्डस्केप यति सुन्दर छ कि यसलाई 'भूस्वर्ग' को उपमा दिनुमा अत्युक्ति नहोला। भन्नेले त भालु पनि ती जङ्गलमा छन् भन्थे, तर टोलीले स्याल चाहिँ देख्यो। यो स्थल प्रत्येकले जीवनकालमा एकचोटी नटेकेमा केही गुमाएकै मान्दा हुन्छ। आषाढ १ र २ गते त्यहाँ 'गङ्गा दशहरा' भन्ने त्यो क्षेत्रकै सबैभन्दा ठूलो धार्मिक मेला हुँदोरहेछ, टोलीले केही दिनले मात्र त्यसको अनुभव गर्न पाएन।

खप्तडबाट ओर्लंदा बझाङतर्फ 'मेलटांडी' सैनिक क्याम्प हुँदै 'दारुगाउँ' सम्म पैदल आउन पनि करिब ७ घण्टा नै लाग्यो। त्यही खानपान गरी साँझपख मोटर सवारीमा कच्चीबाटो हुँदै चैनपुरतर्फ लम्किइयो। 'तमेल' भन्ने स्थानमा पुगेर जय पृथ्वी राजमार्ग भेटिएपछिमात्र राम्रोबाटो हुँदै चैनपुर पुग्दा झमक्क रातले छोपी हालेको थियो।



खप्तड



खप्तडबाबा आश्रम

## २.२ रोचक र घोचक प्रसङ्गहरू

- तिनै जिल्लाका प्राकृतिक वातावरण, हावापानी आदि स्वच्छ र शुद्ध छन्। वास्तवमा नौ दिनको बसाइले काठमाडौँमा दुई महिनालाई पुग्ने गरी फोक्सो फुलेको अनुभव हुन्थ्यो।
- खानपानमा धेरै विकल्प पाइएन तर नफलेको खस्रो चामल विशेषगरी मार्सीको भात, सिस्नुको परिकार, गहुँको फाँडो, मार्से (लट्टेको साग), बारीकान्लामा आफै उम्रेका सागपात, स्वादिष्ट निगुरो, जडीबुटीको चिया निकै स्वादिला हुँदारहेछन्। कफी चाहिँ भनेजति पाइँदो रहेनछ।
- किन हो कुन्नी यी तीनै जिल्लामा झिंगाको प्रकोप असाध्यै रहेछ। एक हातले हम्किएर पन्छाउँदै अर्को हातले खानुपर्ने। समाधानको उपाय कसैले गर्दो रहेनछ। वर्षायामपछि आफै जान्छ रे।
- बारीबाट टिपेर ऐसेलु, काफल, आरुपोखडा, आरु, आदि मनग्य पाइयो।
- द्वन्दकालमा माओवादीका तर्फबाट मङ्गलसेनमा सैनिकक्याम्पमा बसेका ५६ जनाको एकै ठाउँमा हत्या गरिएको डाँडोको टुप्पो अनि मङ्गलसेन दरबार, जुन अहिले जीर्णोद्धार हुँदैछ, (त्यतिखेर जिल्ला प्रशासन कार्यालय बसेको) को आँगनमा तत्कालीन प्रमुख जिल्ला अधिकारी सहितको जम्माजम्मी १९७ जनाको हत्याको घटना त्यहाँका मानिसहरूले सुनाउँथे। एकजना यस्ता पनि भेटिए जसले ८ घण्टा पाइखानामा लुकेर ज्यान बचाएका रहेछन्।



मङ्गलसेन दरबार

## २.३ विकासका विभिन्न पक्षहरू

- तीनवटै जिल्ला सदरमुकामहरूमा भौतिक संरचनाहरूको विकास द्रुततर रूपमा भइरहेकोछ। मङ्गलसेनको तुलनामा मार्तडी र चैनपुरमा अझ धेरै बन्दैछ। मार्तडीमा त ठूलो पिलर भएको विशालकाय अदालत धमाधम बनिरहेको रहेछ। सिमन्टीमिश्रित संरचनाको विकास बढ्दो छ।
- मार्तडीमा सौन्दर्य प्रशाधन पसलहरू 'ब्युटी स्यालुन' 'ड्राइभिङ स्कुल' पनि आइसकेछन्। बजार संरचनाले विकसित सहरकै झझल्को दिन्छन्।

- गाउँगाउँ जाने सडक सञ्जाल पनि थुप्रै बनेछन् । ट्र्याक खोलेको जस्तो अफरोड भेइकल अछाममा फोर्स कम्पनीको, मार्तडीमा बोलेरो र बझाङमा स्कोर्पियो चल्दो रहेछ। सडक चौडा छन्, पिच गरिएका छन्, राम्रो अवस्थामा छन् ।
- युवाहरुको पलायन यस जिल्लामा पनि निक्कै रहेछ। तेस्रो मुलुक जाने पनि रहेछन तर ज्यादा जसो कामखोज्दै रोजगारीका लागि भारत जानेको संख्या अधिक रहेछ । मुलुकका अन्य जिल्लाहरुमा जस्तै यहाँ पनि बुढाबुढीहरुले नै घर रुंगेर बसेको देखियो। डाँडापाखाका अधिकांश खेतहरु बाँझा छन् ।
- गाउँ सोहोरिएर सदरमुकाम र सदरमुकाम सोहोरिएर सुर्खेत तथा धनगढी बसाई सर्ने प्रवृत्ति बढी देखियो। चिल्ल्ला सडक 'तलबाट सामान ओसार्न' र माथिबाट 'मान्छेलाई बसाई सर्नका लागि तल ओसार्न' पो प्रयोग भएको भान हुन्छ। सडक नभई विकास हुँदैहुन्न तर सडकको Economic Return भने सोचनीय छ ।
- मङ्गलसेनको भित्री बजारमा सानासाना सडक छन् तिनको विस्तार एवं मर्मत कार्य भइरहेकोछ
- आधुनिकताको प्रभाव कस्तो परेछ कि जनताले पशुपालन गर्ने छोडेछन् कि क्या हो? किनकि तीनवटै सदरमुकाममा मध्यान्हपछि दूध पाइँदो रहेनछ। होटेल रेस्टुरामा बिहानबाहेक सेतो चिया कफी कहिल्यै पाइएन ।
- मार्तडी जाँदा 'बाम्का बजार' देखि नै सबैतिर जस्तै जस्ताले मोरिएको अस्थायी टहराहरू धेरै मात्रामा देखिँदै आउँछ । मार्तडी बजारमा पनि त्यस्ता अस्थायी टहराहरु केही मात्रामा यावत रुपमा छन्। उकुसमुकुस गर्मी वा चिसोमा मानिसहरू कसरी बस्छन् होला कठैबरी। अझ कति दिन, महिना वा वर्ष यसरी चल्ने हो। भूकम्पपछिको परिस्थितिको उपज हो यो।
- मार्तडी जाँदा बाटैमा 'आमकोट' क्षेत्रमा सक्रिय ठूलो पहिरो भेटिन्छ। यो पहिरो मोटरचल्ने सडक र बुडीगङ्गाको पारिपट्टि पनि फैलिएकोछ । यसलाई रोकथाम गर्ने केही पनि कार्य भइरहेको देखिएन न त वैकल्पिक सडकको व्यवस्था नै देखिन्छ। 'Early warning' को व्यवस्था स्थापना गर्ने कुरा भइरहेकोछ भन्छन् तर विश्वास गर्न गाह्रो छ। वर्षा लागेपछि तीन महिनाभन्दा बढी बाटोसमेत पहिरोले लैजान्छ रे । त्यसैले अहिले नै मार्तडीका परिवारले अन्न एवं दैनिक आवश्यक सामानको जोहो गर्न थालिसकेका रहेछन् ।
- मार्तडीमा जस्तै चैनपुरको बालमन्दिर स्कुललाई पनि भूकम्पले असर गरेकोले त्यस्तै खालका जस्ताको टहरामा पढाइ चलिरहेको रहेछ। ज्यादै असंवेदनशील र दयनीय अवस्था देखियो।
- कमल बजारमा एउटा कृषि विभाग अन्तर्गतको मोटरगाडी मै जडित माटो परीक्षण घुम्ती प्रयोगशाला कार्यरत भेटियो । यसले त्यहाँका किसानहरूलाई निकै आकर्षण गरेको र काममा निक्कै व्यस्त रहेको देखियो ।

## २.४ जिल्लाका केही सम्झनलायक धार्मिक स्थलहरू

मङ्गलसेनमा त्यस्तो ठूलो धार्मिक महत्त्वको देवस्थल देखिएन। तर, साफेबगरमा वैद्यनाथ बाबाको मन्दिर साह्रै सुन्दर रहेछ। भनिन्छ मानिसले चारधाम दर्शन गरेर आएपछि शिरोमणि ज्योतिर्लिङ्ग 'पशुपतिनाथ' को काठमाडौँमा दर्शन गरेपछि उक्त मन्दिरको दर्शन गर्नैपर्छ रे।



बैद्यनाथ मन्दिर, साँफे



बडिमालिका, मार्तडी

बाजुरा जिल्लाको सुप्रसिद्ध बडीमालिका मन्दिर पुग्न ३ दिन लाग्छ भन्थे तर सोही देवीको प्रतिमूर्तिको रूपमा मार्तडी बजार कै डाँडाको टुप्पोमा उनको मन्दिर स्थापित छ। त्यसकै साथमा मष्टा देवीको समेत मन्दिर दर्शनयोग्य रहेछन्।

धनगढीतर्फ आउँदा डडेलधुराको उग्रतारा मन्दिर अर्को शक्तिपीठ हो। जसको दर्शन गर्ने अवसर भने यो टोलीलाई प्राप्त भएन। कारण मूलबाटोबाट करिब ४ किलोमिटरको दूरीमा रहेको सो मन्दिरतर्फ जानलाग्दा अती चल्तिको सो बाटोको बिचोबिच एकजना महिलाले रुखको हाँगा निस्फिक्रीसँग काटी बाटो नै कब्जा गरेर बसेकी रहिछन्। कस्तो अचम्म, यस्तो पनि गर्न पाइँदो रहेछ, प्रशासन कता हो कता।

सुदूरपश्चिम प्रदेशका अति महत्वपूर्ण बैतडीको त्रिपुरासुन्दरी र डोटी, सिलगढीको शैलेश्वरी मन्दिरहरू बझाङबाट धनगढी आउने बाटोमा पर्दैनन् भने सुर्खेतको देउती र काँक्रे बिहार आफैमा ठूलो महत्वका देवस्थलहरू हुन्।

बझाङ जिल्लाको सुर्मादेवीको मन्दिरलाई ठूलो शक्तिपीठको रूपमा पूजन गरिँदो रहेछ।

बजार ईलाकाबाट सहजै पैदलै पुगिने धनगढीको शिवपुरीधाम क्षेत्र अती मनमोहक ढंगले टहल्नयोग्य समेत हुनेगरी बिकास गरिएको रहेछ। उक्त परिशरमा त्यहाँका भक्तजनहरूको समर्पणस्वरूप निकै अग्लो शिवलिङ्ग स्थापना गरिएकोछ। जसको जलधारा एवं पूजन गर्न ६ तलामाथि चढ्नका लागि भर्याङको समेत व्यवस्था गरिएकोछ।




सुर्मादेवी, बझाङ



शिवलिङ, शिवपुरीधाम, धनगढी

## ३. टोलीसंरचना र व्यक्ति विशेषता

पंक्तिकारका नजरले अरु सहयात्रीमा देखेका विशेष अतिरिक्त गुणहरू सम्झन र सम्झाउन लायक भएका केही प्रसङ्ग:

चिकित्सा पेशामा विशेष सम्मानराख्ने डाक्टरहरूमध्ये सत्यनारायण सुवाल राम्रो स्रोत व्यक्ति भई तालिम सञ्चालन गर्नुहुँदो रहेछ, सबैको मन जित्ने खुबी उहाँको अनुकरणीय लाग्यो। प्रकाशराज रेग्मीमा एउटा कुशल व्यवस्थापक, राम्रो वक्ता र सख्त नेतृत्वको कौशल रहेछ। थोरै बोलेर धेरै बुझाउन सक्ने र 'रसिक' प्रवृत्तिका मोहक व्यक्तित्व राजेन्द्र कोजु; भ्रमण अनुरागी, चाहिने जति सबैचिज बोकी हिड्ने र आफूलाई नराखी अरूको सेवागर्ने प्रेमराज वैद्यको त के कुरा गर्नु। अरूलाई अप्ठेरो नहोस् भनी आफ्नो कष्ट लुकाउनसक्ने उर्मिला शाक्य; मधेसको हुर्काइ भएपनि सबैलाई अचम्भित पार्दै पहाडलाई सहजै छिचोल्नसक्ने तागतिलो रामकिशोर शाह र अचुतानन्द लाल कर्णहरुको अलग रूप पनि देखियो।

स्वास्थ्य प्राविधिकहरुमध्ये व्यक्तिगत रूपमै टोलीका सबै सदस्यको ख्याल राख्ने अनमोल महर्जन; कामप्रतिको तल्लिनताबाट विभक्त नहुने मोहनमान श्रेष्ठ; आफैले कष्ट भोगे पनि अर्काको सहजतामा चासो राख्ने शारदा महर्जन; फरासिली र तगडा ट्रेकर निजीता पौडेल र समयानुकूल सल्लाह दिनसक्ने केशवप्रसाद ढकालका विशेष गुणहरू सम्झन लायक छन्। पेशाले भिडियोग्राफर तर स्थानीय लगायत सबैसँग सहजै घुलमिल हुनसक्ने र जस्तोसुकै समस्याको समाधान निकाल्न सक्ने खुबी दीपक तोलांगेमा देखियो।

रोटरीतर्फका साथीहरूमध्ये सहज, सरल र सर्वथा व्यावहारिक, महेन्द्र सिंह रावल; घमण्डविहीन रमाइलो व्यक्तित्व, खडकसिंह विष्ट; महिला सशक्तिकरण, योग र बालविकासका अवसर प्रयोग

गरिहाल्ने प्रतिभासंपन्न महेश्वरी बिष्ट रावल; उच्चकोटीका चर्चित प्रोफेसर भएपनि साधारण स्वयंसेवी जस्तो कामगर्न हिचक नमान्ने कृष्ण हाछेथु; टोलीका सबैभन्दा जेठा तर तरुनालाई माथगर्ने विष्णु सिग्देल र मृदुभाषी तथा अध्यात्म चेतनाले सरोवर विशुद्ध गृहिणी, उपासना खनाल रेग्मीको स्वयंसेवा उदाहरणीय थिए।

यो टोलीका पात्रहरूबीच पेशाले, ज्ञानले, सिपले विभिन्नता (heterogeneity) भएपनि मानसिकता (mindsets) मा एकरुपता (homogeneity) भएकाले सफर सफल हुनसकेको हो।